**बैठक संख्या : ०६-०७९।०८०**

आज मिति २०७९ साल मंसिर ११ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा बसेको बागलुङ नगरकार्यपालिकाको बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम भयो ।

**उपस्थिती :**

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | नगर प्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | नगर उपप्रमुख | श्री राजु खड्का |
| ३ | | वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | वडा अध्यक्ष | श्री सनी के.सी.(लक्ष्मण) |
| ६ | | वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | वडा अध्यक्ष | श्री हरि प्रसाद शर्मा |
| ८ | | वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | वडा अध्यक्ष | श्री कोपिलामणी शर्मा |
| १५ | | वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | वडा अध्यक्ष | श्री चक्र बहादुर के.सी. |
| १७ | | कार्यपालिका सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | कार्यपालिका सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | कार्यपालिका सदस्य | श्री धनमाया शर्मा |
| २० | | कार्यपालिका सदस्य | श्री टुकादेवी शर्मा आचार्य |
| २१ | | कार्यपालिका सदस्य | श्री शान्ति बासेल |
| २२ | | कार्यपालिका सदस्य | श्री सीता थापा |
| २३ | | कार्यपालिका सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | कार्यपालिका सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री पुरुषोत्तम सापकोटा |

अन्यउपस्थिती :

| | | | |
|---|---|---|---|
| | | शिक्षा अधिकृत | श्री धन प्रसाद पोख्रेल |
| | | [illegible] | श्री अर्जुन गौतम |
| | | [illegible] | श्री [illegible] बहादुर पुन |
| | | सहायक पाँचौं | श्री आनन्द प्र. शर्मा |
| | | का. सं. | श्री [illegible] पौडेल |

**निर्णय नं. १**

प्रतिनिधि सभा सदस्य निर्वाचन र प्रदेशसभा सदस्य निर्बाचन २०७९ मा बागलुङ जिल्ला निर्वाचन क्षेत्र न.१ प्रतिनिधि सभामा नव निर्वाचित माननीय श्री चित्रबहादुर के.सी. निर्वाचन क्षेत्र नं. १ प्रदेश सभा(क) मा नव निर्वाचित माननीय श्री दिपेन्द्रबहादुर थापा निर्वाचन क्षेत्र नं. १ प्रदेश सभा (ख) मा  नव निवार्चित माननीय श्री दिल्लीराम सुवेदी र बागलुङ जिल्ला निर्वाचन क्षेत्र नं. २ मा प्रतिनिधि सभामा नव निर्वाचित माननीय श्री देवेन्द्र पौडेल  निर्वाचन क्षेत्र नं. २ प्रदेश सभा (क) मा नवनिर्वाचित माननीय श्री  जीतबहादुर शेरचन र निर्वाचन क्षेत्र नं. २ प्रदेश सभा (ख) मा नवनिर्बाचित माननीय श्री द्रोण कुवरज्यूहरुलाई आजको बैठकले बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

नेपाल शहरी शासकीय पूर्वाधार आयोजना (NUGIP) मा निम्नानुसारका योजनाहरु समावेश गर्न अनुरोध गरी  पठाउने निर्णय गरियो ।

कं) बागलुङ नगरपालिकाको कार्यालय भवन निर्माण - बा.न.पा. २

ख) जल्केनी - पैयुपाटा लहरेबर- धापेखोला अमलाचौर गिठे - जुम्लीखोला जैमिनी नगरपालिकाको सिमाना सम्मको सडक निर्माण योजना ।

**निर्णय नं. ३**

बागलुङ नगरपालिकाको फोहोरमैला व्यवस्थापन शाखामा लामो समय देखी दैनिक ज्यालादारीमा कार्यरत तपसिल अनुसारका सफाई कर्मचारीहरुलाई मिति २०७९।०९।०१ गते देखी लागूहुने गरी हलुका सवारी चालकलाई हलुका सवारी चालक प्रथम तहको शुरु स्केल तथा सफाई कर्मचारीहरुलाई कार्यालय सहयोगी प्रथमतहको शुरु स्केल बराबरको पारिश्रमिक सुविधा पाउने गरी सेवा करार गर्ने निर्णय गरियो ।

क) डिलबहादुर बोहोरा -हलुका सवारी चालक

ख) तिलक जि.सी.-सरसफाईकर्मी (कार्यालय सहयोगी)

ग) ईन्द्रबहादुर परियार-सरसफाईकर्मी (कार्यालय सहयोगी)

घ) हिराबहादुर नेपाली -सरसफाईकर्मी (कार्यालय सहयोगी)

**निर्णय नं. ४**

बागलुङ नगरपालिकाको स्वास्थ्य संस्थामा नियमित जाँच गरेका,बालमैत्री सूचक पुरा गरेका र संस्थागत सुत्केरी भएका सुत्केरी आमाहरुको स्वास्थ्य प्रवर्द्धन गर्नको लागि रुकमुष्ट रु.३०००।- नगद प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

नेपाल सरकारको दीर्घरोगको कार्यविधि अनुसार दीर्घरोग उपचार सहायताको लागि मासिक रुपमा ५०००।- पाँचहजार उपलब्ध गराउने भनी व्यवस्था भएको तर हाल सम्म पनि उक्त रकम निकासा नआएकोले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माग गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

बागलुङ नगरपालिका अन्तर्गत पैयुपाटा नगर अस्पतालमा रहेको एम्बुलेन्स कोभिड-१९ को समयमा कोरोनाका विरामीहरुको उपचारको सन्दर्भमा प्रयोग गरिएको र हाल उक्त एम्बुलेन्स मर्मत गर्नुपर्ने भएकोले एम्बुलेन्स मर्मत गरी पैयुपाटा नगर अस्पतालमा प्रयोग गर्ने निर्णय गरियो । साथै बागलुङ नगरपालिकाद्धारा विनियोजन भएको रकम रु. ३२,००,०००।- बत्तिस लाख रुपैया मात्र प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी एम्बुलेन्स खरिद गर्नको लागि धवलागिरी अस्पताल लाई अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

बागलुङ नगरपालिका अन्तर्गत स्वास्थ्य संस्था,कृषिशाखा र पशुसेवा शाखामा रिक्त रहेका तपसिल अनुसारका दरवन्दिहरु करार सेवामा पदपूर्ति गर्ने निर्णय गरियो ।

**पशुसेवा शाखा** : एक पालिका एक भेटनरी डाक्टर कार्यक्रम

पद : भेटनरी डाक्टर -१

**कृषि शाखा :**

पदः कृषि स्नातक अधिकृत-१

**स्वास्थ्य संस्था तर्फ : नगर अस्पतालको लागि**

पद : मेडिकल अधिकृत -१, स्टाफ नर्स -१, हेल्थ असिष्टेण्ट /अ.हे.व.-१

**अन्य संस्थाको लागि :-**

पद : ल्याव टेक्निीसियन /असिष्टेण्ट -१, विद्यालय नर्स-१,अनमी (SBA)-२

**निर्णय नं. ८**

बागलुङ नगरपालिका वडा नं. १३ मा रहेको शिवालय शहरी स्वास्थ्य ईकाईलाई काभ्राबोटबाट सोही वडाको आदर्श प्रा.वि. जलजलामा स्थानान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

बागलुङ नगरपालिकाको एघारौ अधिवेशनबाट स्वीकृत आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम,योजना र बजेटमा विनियोजन भएका योजना तथा कार्यक्रमलाई २०७९ मंशिर मसान्त सम्ममा सम्झौता सम्पन्न गर्न सम्बन्धित वडाअध्यक्षहरुलाई जिम्मेवारी दिने निर्णय गरियो । साथै उक्त नीति

तथा कार्यक्रममा समावेश भएका तर आयोजनाको नाम फरक परी स-साना त्रुटी भएका निम्नानुसारका योजनाहरुको नाम तपसिल अनुसार संशोधन गरी कार्यान्वयनको लागि अगाडी बढाउने र आगामी नगर सभामा अनुमोदन गराउने निर्णय गरियो ।

| सि.न. | ख.शि.न. | योजना तथा बजेट पुस्तिकामा भएको योजनाको नाम | संशोधन गरिएको योजनाको नाम | कैफियत |
|---|---|---|---|---|
| ४६ | ३१११३ | शिवालय आधारभूत विद्यालय मर्मत बा.न.पा. १० | शिवालय आधारमूत विद्यालय तारबार बा.न.पा. १० | |
| ५६ | ३११५१ | आरुपाता कल्भर्ट निर्माण वडा नं. १० | आरुपाता सडक स्तरोन्नती बा.न.पा. १० | |
| ७२ | ३११५१ | देउराली सुंगुरेखोला कल्भर्ट निर्माण वडा नं. १० | देउराली सुंगुरेखोला कजवे निर्माण बा.न.पा. १० | |
| १५० | ३११७१ | द्वार शिव मन्दिर सत्तल निर्माण तथा संरक्षण बा.न.पा. १० | द्वार शिव मन्दिर निर्माण बा.न.पा. १० | |
| १४ | ३१११२ | द्वार सत्तल निर्माण बा.न.पा. १० | द्वार शिव मन्दिर टेवा पर्खाल निर्माण बा.न.पा. १० | |
| २६ | ३११५४ | शिवालय आधारभूत विद्यालय कम्पाउण्ड बा.न.पा.१० | शिवालय आधारभूत विद्यालय भवन मर्मत बा.न.पा. १० | |
| १५४ | ३११७१ | सहिद स्मृति पार्क निर्माण | सहिद स्मृती सामुदायिक भवन निर्माण | |
| ४२ | ३१११३ | बागलुङ जेसिज ट्रस निर्माण | बागलुङ जेसिज सभा तथा प्रशिक्षण कक्ष निर्माण | |
| ३२ | ३११७१ | ढाँडखर्क प्रा.वि. मर्मत सुधार | ढाँडखर्क प्रा.वि. शौचालय निर्माण | |
| ३३ | ३११७१ | देउराली आमा समूह भवन मर्मत | देउराली आमा समूह भवन निर्माण | |

**निर्णय नं. १०**

तीन पाङ्ग्रे सवारी (अटो) को रुट तथा भाडा निर्धारण गर्नको लागि स्थानीय सार्वजनिक यातायात सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि २०७९ को दफा १० (१) बमोजिम गठन भएको संचालन तथा व्यवस्थापन समितिले सिफारिस गरेको तपशिल बमोजिमको रुट ईजाजत र भाडा दरलाई स्वीकृत गर्ने निर्णय गरियो ।

(क) ३९० सि.सि. क्षमता भएका तीन पाङ्ग्रे सार्वजनिक सवारीको लागि रुट ईजाजत ।

(१) बजार देखी हाईवे हुँदै कालिका मन्दीर गेट सम्म ।

(२) मध्ये पहाडी हाईवे हुँदै खहरे खोला सम्म ।

(३) बजार देखी सुल्डाडा हुँदै बयानब्बे डाँडा, सिगाना पुल र खहरे सम्म ।

(४) बजार देखी रात्माटा हुँदै मुल्पानी स्कुल काप्रे सम्म ।

(ख) २५६ र ३९० सि.सि. क्षमता भएका तीन पाङ्ग्रे सार्वजनिक सवारीको लागि रुट ईजाजत (१) बजार भित्रका समथर पक्की सडक ।

(२) बजार देखी उपल्लाचौर हुँदै कुँडुले फेदी सम्म ।

(३) बजार देखी उपल्लाचौर बसपार्क सम्म र उपल्लाचौरको समथर पक्की सडक सवै ।

(४) ई रिक्साको हकमा बजार क्षेत्र, उपल्लाचौर र रामरेखाको समथर पक्की सडक ।

(ग) तीन पाङ्ग्रे सार्वजनिक सवारीको भाडा दर तपशिल बमोजिम हुने गरी निर्धारण गरियो ।

| सि.नं. | रुट | पेट्रोल रिक्सा | ई रिक्सा |
|---|---|---|---|
| १ | बजार भित्र तथा उपल्लाचौर ए टि एम चोक सम्म | ४० | ३० |
| २ | बजार देखी कालिका मन्दीर गेट सम्म | ५० | ४० |
| ३ | बजार देखी उपल्लाचौर बसपार्क एरिया सम्म | ५० | ४० |
| ४ | बजार देखी कुँडुले फेदी सम्म | ८० | |
| ५ | बजार देखी बयानब्बे सम्म | ६० | |
| ६ | बजार देखी बयानब्बे सिगाना पुल सम्म | ८० | |
| ७ | बजार देखी खहरे सम्म | १०० | |
| ८ | बजार देखी काप्रे सम्म | १२० | |

**निर्णय नं. ११**

विभिन्न मितिमा बागलुङ नगरपालिकामा माग भई आएका तपसिल अनुसारका योजना तथा कार्यक्रमलाई निम्नानुसारको बजेट अन्य आकस्मिक योजना कार्यान्वयन शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.स. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | श्री राधाकृष्ण मन्दिर सेवा समिति मन्दिर रंग रोगन | ४,००,०००।- | |
| २ | भू-जलाधार व्यवस्थापन कार्यालय डाले घाँस विरुवा कार्यक्रम | २,००,०००।- | |
| ३ | बा.न.पा.१२ जुङ्गे दमैको घर संरक्षण तथा सडक चौडा | ६,२६,१७०।- | |
| ४ | बा.न.पा १२ अमलचौर प्रेमकुमार चुडाराको घर मर्मत | २,००,०००।- | |
| ५ | दुर्गाबहादुर थापा बा.न.पा. १० पहिरो संरक्षण कार्यक्रम | १,४२,०००।- | |
| ६ | बा.न.पा. १० रात्डाँडा शिव मन्दिर संरक्षण गर्ने कार्य | २,७०,०००।- | |
| ७ | बा.न.पा. १२ टुटुङगा देखी धापाखोला सडक सिंडी बाटो निर्माण । | २,००,०००।- | |
| ८ | बा.न.पा. ५ तल्लिबान्द्रे (मात्रिका पहिरो नियन्त्रण) | १,००,०००।- | |
| ९ | बा..न.पा. १ भगवती रोड नाली निर्माण | ६,४०,०००।- | |
| १० | बा.न.पा. ९ तित्याङ मनकुमारी सार्की आर्थिक सहयोग | ३०,०००।- | |
| ११ | बा.न.पा. ९ तित्याङ मनबहादुर सार्की आर्थिक सहयोग | ३०,०००।- | |

| | | | |
|---|---|---|---|
| १२ | बा.न.पा. १ मदन मार्ग भित्र नाली निर्माण | १,००,०००।- | |
| १३ | बा.न.पा. ३ खड्का पुँवार भवन मर्मत | २,००,०००।- | |
| १४ | बा.न.पा.१३ काप्राबोट निवासी देवी शर्माको घर मर्मत/निर्माण अनुदान | ३,५०,०००।- | |
| १५ | पश्चिम कमल ब्रम्हा (कमल जैसी) मन्दीर पुजा व्यवस्थापन अनुदान | ३,५०,०००।- | |
| १६ | बा.न.पा. १४ यान्त्रिक पुल सम्मको सडक ग्रावेल | २,००,०००।- | |
| १७ | बा.न.पा.१२ कृष्ण प्रा.वि. कक्षा तथा कार्यालय व्यवस्थापन | २,००,०००।- | |
| १८ | बा.न.पा. ३ चापाबोट क्रियापुत्री भवन निर्माण | ३,००,०००।- | |
| १९ | बा.न.पा. ३ तातोपानी नाली निर्माण | ५,००,०००।- | |
| २० | बा.न.पा. १ रामरेखा खत्री मार्ग बाटो ढलान | ५,५०,०००।- | |
| २१ | बा.न.पा. ६ लमगाउ दलित बस्ती समूह | १,००,०००।- | |
| २२ | बा.न.पा. ३ बडहरेखोला पैह्रो नियन्त्रण | २,००,०००।- | |
| २३ | दि राजन होटल देखी विद्युत कार्यालय सम्म सडक स्तरोन्नती | ७,५०,०००।- | |
| २४ | धारापानी नाली निकास योजना बा.न.पा. ६ | ४,००,०००।- | |
| २५ | मुरारी दत्तको घर देखी दुम्का बासघारी सम्म पैदल मार्ग | १,४०,०००।- | |
| २६ | देउराली चोक देखी खहरे सम्मको बाटोमा खाल्टा खुल्टी पुर्ने कार्य | १,००,०००।- | |
| २७ | बा.न.पा. ९ नारायण पौडेलको घर संरक्षण अनुदान | १,००,०००।- | |
| २८ | बा.न.पा. ३ अदालत चौपारीको सार्वजनिक जग्गा पार्किङ व्यवस्थापन | ५,००,०००।- | |

**निर्णय नं. १२**

बागलुङ नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को प्रथम चौमासिक आय र व्ययको विवरण कार्यालयबाट पेश भै छलफल गरियो। साथै स्वीकृत योजना समयमै कार्यान्वयन गर्न सवै पक्षले आवश्यक सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं. १३**

बागलुङ नगरपालिका वडा नं. ११ स्थित रामतोलामा मिति २०७९ भदौ २१ गतेको अविरल वर्षाको कारण पशुचौपायाका साथै घरजग्गामा क्षती पुगेकोले रामतोला पहिरो पिडित परिवारलाई प्रति परिवार रु २०,०००। (विस हजार) का दरले विपद व्यवस्थापन कोषबाट राहत रकम उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १४**

बागलुङ नगरपालिकाको वडा नं. १ देखी वडा नं. ४ सम्म ट्राफिक व्यवस्थापनमा समस्या भएको कारण ट्राफिक व्यवस्थापको लागि निश्चित स्थानहरु तोकिएकोले उक्त स्थानमा ट्राफिक चिन्हहरु राख्ने लगायतका व्यवस्थापकिय कार्यहरु अन्य आकस्मिक शिर्षकबाट गर्ने निर्णय गरियो।

**निर्णय नं. १५**

बागलुङ नगरपालिकाका निम्न वडाहरुको तपसिल अनुसारका झोलुङ्गे पुलहरु निर्माणको लागि सस्पेन्सन ब्रिज डिभिजन ललितपुरमा माग गरी पठाउने निर्णय गरियो ।

१.सहेला - ब्वाँसे (धापाखोला) जोड्ने झो.पु. बा.न.पा. १२ र १३

२.गलुवा गैरी देखी थाँदीखोरिया जोड्ने झो.पु. बा.न.पा. १० र १३

३.ईकिमधारा देखी तिलाहर जोड्ने झो.पु. बा.न.पा. ११

४.बा.न.पा. ११ को सिम्ले देखी जैमिनी नगरपालिका वडा नं. २ जोड्ने झो.पु.

५.अधेरी खोला झो.पु. बा.न.पा. ५

**निर्णय नं. १६**

बागलङ नगरपालिका वडा नं. १० एक्लेसालको पहिरोका कारण बा.न.पा. वडा नं. १०,११,१२,१३, र १४ का साथै बागलुङ जिल्लाको दक्षिणभेगका जनतालाई समेत आवागमनमा समस्या भएको र उक्त पहिरो नियन्त्रण गर्न स्थानीय स्रोत साधनले सम्भव नभएकोले रकम विनियोजनको लागि सम्बन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १७**

बागलुङ नगरपालिका वडा नं. ११ स्थित रामतोला पहिरो पिडितहरुको दीर्घकालिन व्यवस्थापनका लागि जिल्ला विपद् व्यवस्थापन समिति मार्फत सम्बन्धित निकाय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

एक वडा एक ठूला पूर्वाधार कार्यक्रम अर्न्तगत निम्नानुसारका योजनाहरु एक वडा एक ठुला पूर्वाधार शीर्षकबाट डि.पि.आर. तयार गर्ने निर्णय गरियो ।

१. बागलुङ नगरपालिका वडा नं. ९ को डोय पर्यटन पूर्वाधार निर्माण

२. बागलुङ नगरपालिका वडा नं. ८ को बौडेचौर पर्यटन पूर्वाधार निर्माण

३. बागलुङ नगरपालिका वडा नं. १,२,३,४ र ६ को भल व्यवस्थापन

४.डोठेआल-बालौटे-रायडाँडा-आफ्रे-सर्लेङ देखी जैमिनी नगरापलिका वडा नं. ३ देउरादी जोड्ने सडक (एक वडा एक ठूला पुर्वाधार बाहेक)

**निणर्य नं.** १९

बागलुङ नगरपालिका अर्न्तगत वडा नं. १,४,६,८,९,१३ र १४ का वडा कार्यालयहरु वडा कार्यालय मर्मत संभार शिर्षकबाट मर्मत संभार गर्ने निर्णय गरियो । साथै वडा कार्यालय मर्मत शिर्षकमा रहेको रु ३०,००,०००।-(तीस लाख) लाई निम्नानुसार विनियोजन गर्ने निर्णय गरियो ।

बागलुङ नगरपालिका वडा न. १ ५,००,०००।-

बागलुङ नगरपालिका वडा न. २ ५,००,०००।-

बागलुङ नगरपालिका वडा न. ४ ३,००,०००।-

बागलुङ नगरपालिका वडा न. ५ ३,००,०००।-

बागलुङ नगरपालिका वडा न. ६ ७,००,०००।-

बागलुङ नगरपालिका वडा न. १३ ४,००,०००।-

बागलुङ नगरपालिका वडा न. १४ ३,००,०००।-

**निर्णय न. २०**

बागलुङ नगरपालिकाको बजार क्षेत्रका सडकहरु ठाउँ ठाउँमा खल्डा खुल्टी भई आवागमनमा समस्या भएकोले उक्त सडकहरु कालोपत्रे गर्न तथा खाल्डा खुल्डी पर्ने कार्यका लागि अन्य आकस्मिक योजना शीर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय न. २१**

बागलुङ नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिले पेश गरेको अनुगमन प्रतिवेदन उपर छलफल गरियो ।

**निर्णय न. २२**

बागलुङ नगरपालिकाको विभिन्न स्थानहरुको प्रतिनिधित्व हुनेगरी माटो परिक्षणको कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय न. २३**

बागलुङ नगरपालिकाको तपसिल अनुसारको स्थानहरुमा खुल्ला व्यायामशाला निर्माणको लागि जग्गा छनौट गर्ने निर्णय गरियो ।

१.बागलुङ नगरपालिका वडा न. १ स्थित वि.पि.वन बाटिका

२.बागलुङ नगरपालिका वडा न. ४ को ओडारचौर

३.बागलुङ नगरपालिका वडा न. ९ पुलपारीको फड्केडाँडा

**निर्णय न. २४**

बागलुङ नगरपालिका वडा न. १ निवासी अधिवक्ता श्री अखिलनाथ शर्माले बागलुङ नगरपालिका र वडा कार्यालयमा समेत पर्न आएका मुद्धाहरुको लिखित जवाफ तयारी र मुद्धाको प्रतिरक्षा गर्ने कार्यहरु गरी कानूनी परामर्शकर्ताको रुपमा काम गरे बापत रु. ६०,०००।- भुक्तानी भैसकेकोले उक्त रकमलाई अनुमोदन गर्ने र भुक्तानी दिन बाँकी रहेको रकम रु. ७०,०००।- भुक्तानी दिने निर्णय गरियो ।